# मानव बेचविखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेश स्तरीय संरक्षण नीति, २०८०

बागमती प्रदेश सरकार

## सामाजिक विकास मन्त्रालय

हेटौंडा, मकवानपुर

# मानव बेचविखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेश स्तरीय संरक्षण नीति, २०८०

१. **पृष्ठभूमि**

प्रदेशमा जोखिम परिस्थितिमा रहेका व्यक्ति, विशेषगरी महिला तथा बालबालिकाको क्षेत्रमा भएका सुरक्षा एवं प्रगतिलाई विकासका प्रमुख सूचकको रुपमा लिइन्छ। विगतमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा गरिएका प्रयासबाट सफलता हासिल भएतापनि बेचबिखन तथा ओसारपसारको बदलिदो स्वरुपबाट प्रदेशका जनता, विशेषगरी महिला तथा बालबालिका अझै पनि यो अपराधको जोखिममा रहेका बागमती प्रदेशमा मानव बेचबिखन तथा ओसारपसार कार्यलाई अन्त्य गरी प्रदेशको मानव विकास सूचकाङ्कमा सुधार ल्याई समग्र विकासका लागि प्रभावकारी नीति तथा कार्यनीति मार्फत मानव बेचबिखन तथा ओसारपसार विरुद्धका कार्यलाई व्यवस्थित गर्नु जरुरी छ।

नेपालको संविधान, २०७२ को धारा २९ ले प्रत्येक नागरिकलाई शोषण विरुद्धको हक प्रत्याभूत गरेको तथा धारा ३८ को महिलाको हक र धारा ३९ को बालबालिकाको हकको व्यवस्थाबाट मानव बेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गरिएको सन्दर्भमा प्रदेशमा मानव बेचबिखन तथा ओसारपसारजस्तो जघन्य अपराध हुन नदिनु, नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्नु, बेचबिखन तथा ओसारपसारबाट पीडितको उद्धार तथा संरक्षणलाई प्रभावकारी बनाउनु, उनीहरुको न्यायमा पहुँच सुनिश्चित गर्नु, तथा पीडितको पारिवारिक एवं सामाजिक पुनर्मिलन/पुनःस्थापना कार्यलाई सहज बनाउनु प्रदेश सरकारको दायित्व हुन्छ। प्रदेश सरकारको कार्यविभाजन नियमावलीले लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने जिम्मेवारी सामाजिक विकास मन्त्रालयलाई प्रदान गरेको छ। वर्तमान संघीय शासकीय प्रवन्धमा प्रदेशले थप उत्तरदायी भइ कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित/प्रभावितको उद्धार, संरक्षण, राहत एवं पीडितमैत्री सार्वजनिक सेवाको विकास, विस्तार र सुधार गर्दै नयाँ चुनौतीलाई उचित रूपमा सम्बोधन गरेर यस प्रदेशलाई मानव बेचबिखन तथा ओसारपसार मुक्त प्रदेश बनाउनका लागि मानव बेचविखन तथा ओसारपसार विरुद्धको संरक्षण नीति, २०८० तयार गरी लागू गरिएको छ।

२. **वर्तमान अवस्था**

हराएका बालबालिकाको अनुपात अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा बढी रहेको र सो मध्ये सबैभन्दा धेरै काठमाडौं उपत्यकाबाट हराएको पाइन्छ। एकातिर वैदेशिक श्रममा गएका महिला बेचबिखनमा परिरहेका छन। श्रम लगायतका शोषणका कारण जोखिममा

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

रहेका महिला तथा बालबालिकालाई मनोसामाजिक, आर्थिक तथा कानूनी रुपमा सशक्तीकरण गर्नु वर्तमान चुनौतीको रुपमा रहेको छ। पुनःस्थापनाका लागि स्थापित सेवा सुविधालाई प्रभावकारी बनाई पुनःमिलनका कार्यक्रम अन्तर्गत अभिभावक सचेतीकरणलाई प्राथमिकता दिनुपर्ने अवस्था रहेको छ।

## ३. विद्यमान समस्या

३.१ प्रदेशभित्र रहेका गरिब, असहाय, पिछडिएको क्षेत्रमा बसोबास गर्ने नागरिकका लागि बेचविखनबाट जोखिम न्यूनीकरण गर्न उपलब्ध सेवा, संरक्षणका सुविधा पर्याप्त नभई पारिवारिक तथा आर्थिक अवस्थाका कारण महिला तथा बालबालिका बेचबिखनको जोखिमबाट पुर्णरुपमा मुक्त गर्न नसक्नु,

३.२ जोखिममा परेका समूह/समुदायको बस्तुनिष्ठ पहिचान हुन नसक्नु,

३.३ मानव बेचबिखन तथा ओसारपसार जस्ता कार्यलाई जघन्य अपराधको रूपमा व्यापकरूपमा सामाजिक वहस चलाउन नसक्नु,

३.४ अत्याधिक गरिबी र चेतनाको कमी हुनु,

३.५ घरेलु हिंसा, यौन दुर्व्यवहार लगायत लैङ्गिकतामा आधारित हिंसाजस्ता समस्याको उचित सम्वोधन हुन नसक्नु,

३.६ द्वन्द्वबाट प्रभावित महिला, विभिन्न कारणले परिवारबाट बिछोडिएका बालबालिका, किशोरी, युवा र महिलाको समस्या तथा चासोलाई सम्बोधन गर्ने उचित व्यवस्था हुन नसक्नु,

३.७ वैदेशिक रोजगार तथा आप्रवासनलाई व्यवस्थित एवं मर्यादित बनाउन घरेलु तथा अन्य वैदेशिक रोजगारमा जाने महिला, यौन तथा श्रम शोषणमा पर्नसक्ने होटल तथा सत्कार व्यवसायमा कार्यरत महिला तथा किशोरीलाई यौन तथा श्रम शोषणवाट पूर्णरूपमा मुक्त गर्न नसक्नु,

३.८ प्रदेशसँग भारतीय सीमा जोडिएको कारण एक देशबाट अर्को देश आवतजावत गर्न यात्रा अनुमतिपत्रको आवश्यकता नपर्ने हुनाले खुला सिमानाको गलत प्रयोग गरी तेस्रो देशसम्म नेपाली महिला, किशोरी, बालबालिका र पुरुषलाई बेचबिखनका लागि लैजान सक्ने अवस्थामा सीमामा प्रभवकारी नियमन हुन नसक्नु,

३.९ पीडित प्रभावितको संरक्षण एवं पुनःस्थापनका हिसाबले आवश्यक पूर्वाधार सहितको एकीकृत सेवा प्रवाह गर्ने संस्थागत संयन्त्रको प्रयास नहुँदा नियन्त्रण कार्यको समन्वय तथा क्रियाशिलता कमजोर हुनु,

३.१० मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता भएबमोजिम समस्याको नियन्त्रण तथा समाधानका लागि लगानी अपर्याप्तता हुनु,

३.११ उपलब्ध स्रोतको समुचित सदुपयोग र समन्वयात्मक उपयोगको कमीले नियन्त्रणका प्रयास एवं प्रचलित कानून कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन नसक्नु।

सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा, नेपाल

प्रमुख सचिव

## ४ चुनौतीहरु

४.१ मानव बेचबिखन तथा ओसारपसारबारे आधिकारिक सूचना सङ्कलनमा कठिनाई हुनु,

४.२ मानव बेचविखन तथा ओसारपसारका आयाम र स्वरुप प्रविधिको विकाससँगै परिवर्तन हुँदै जानु,

४.३ पीडित तथा पीडकको स्पष्ट पहिचान हुन नसक्नु। सामाजिक, सांस्कृतिक तथा अन्य मान्यताका कारण कतिपय पीडित न्यायका लागि राज्य संयन्त्रको सम्पर्कमा आउन नसक्नु वा नचाहनु । आफ्नै नातेदार तथा परिवारका सदस्यसमेत मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न रहनु,

४.४ आधुनिकता एवं मनोरञ्जनका नाममा यौन कार्यमा संलग्न गराउन युवायुवतीको ओसारपसारमा संलग्न व्यक्तिवारे भरपर्दो सूचना प्रासि एवं विश्लेषण गर्ने व्यवस्था गर्नु,

४.५ अज्ञानता, वेरोजगारी वा छिटो पैसा कमाउने सोचले त्यस्ता कार्यमा संलग्न हुनबाट युवायुवतीहरुलाई रोक्नु,

४.६ संगठित एवं असंगठित श्रम बजारमा महिला तथा बालबालिकालाई यौनकार्यमा लगाउनु वा श्रम शोषणमा पार्नु, अनौपचारिक रुपमा श्रमशोषणमा परिरहेका घरायसी काममा लगाइएका तथा निर्वाहमुखी कृषि क्षेत्रका मालिक वा जमिन्दारको घरखेतमा काम गर्ने गरिब परिवारका महिला तथा बालबालिकाको खोजतलास गरी बाहिर ल्याउने तथा अभिलेखीकरण गर्नु,

४.७ वैदेशिक रोजगारको सिलसिलामा महिलाहरुलाई झुक्याई नेपाल बाहिर पुऱ्याउने, एउटा काम भनेर अर्कैमा लगाई शोषण गर्ने, भिजिट भिसामा लगेर असुरक्षित श्रम क्षेत्रमा बाध्यकारी श्रम गराउने, गैर कानूनीरूपले कार्य गर्न वाध्य पार्ने कार्य र यसमा संलग्न बिचौलिया नियन्त्रण गर्नु,

४.८ प्राकृतिक प्रकोपबाट प्रभावित स्थान र समुदायका जीवन बाँच्नकै लागि संघर्षरत गरिब परिवारका बालबालिका, किशोरकिशोरीहरू तथा युवायुवतीहरु बेचविखनमा पर्न सक्ने जोखिम नियन्त्रण गर्नु र विदेशी नागरिकसँग विवाह गर्ने नाममा बेचबिखनमा पर्नु,

४.९ नियन्त्रणमा संलग्न निकायबीच प्रभावकारी समन्वय स्थापित गर्नु, एकीकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास गर्नु, स्वदेशमा रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्नु,

४.१० यौन तथा श्रम शोषणका लागि हुने बेचविखन नियन्त्रण गर्नु, प्रमाण सङ्कलन र साक्षी संरक्षण प्रभावकारी रुपमा गर्नु, मानव बेचबिखनको अन्तरदेशीय संगठित सञ्जाल विरुद्ध प्रहरी परिचालन र सूचना सङ्कलन एवम विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्नु,

४.११ सीमित स्रोत र साधनको उपयोग गरी शोषण विरुद्धको हक अधिकारको संरक्षण गर्नु, पीडितलाई न्यायको पहुँचमा पुऱ्याउनु तथा उचित अवसरको सिर्जना गर्नु।

## ५. अवसरहरु

५.१ नेपालको संविधानमा शोषणविरुद्धको हकको प्रत्याभूति हुनु, संविधान प्रदत्त एकल तथा साझा अधिकारका सूची विस्तृतीकरण भई सामाजिक सुरक्षा एवं सार्वजनिक सेवा जस्ता

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

विषयहरु प्रदेशको अधिकार क्षेत्रमा रहनु र सो कार्यमा प्रदेश सरकारहरुको सक्रियता हुँदै जानु,

५.२ परम्परागत सामाजिक मूल्य मान्यतामा सकारात्मक परिवर्तन हुँदै आउनु, समुदायमा जनचेतना अभिवृद्धि हुदै जानु,

५.३ नेपालले पक्ष राष्ट्रको हैसियतमा विभिन्न अन्तराष्ट्रिय सन्धि सम्झौतामा प्रतिवद्धता जनाउनु साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा यस विरुद्ध नियन्त्रणका कार्य सञ्चालन हुदैं जानु

५.४ बालबालिका तथा लैङ्गिकमैत्री संविधान तथा ऐन कानूनको निर्माण एवं स्थानीयतहमा बालअधिकार संरक्षणका संयन्त्रको स्थापना हुनु,

५.५ प्रदेश व्यवस्थापिका तथा प्रदेश सरकारमा महिलाको सहभागिता उत्साहजनक हुदैं जानु

५.६ प्रदेश सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणलाई उच्च प्राथमिकता दिदैं जानु,

५.७ मानव बेचबिखन नियन्त्रण र सुरक्षित आप्रवासनसम्बन्धी सूचना तथा परामर्श केन्द्र स्थापना तथा सञ्चालन हुदैं जानु,

५.८ मानव बेचविखन नियन्त्रण सम्बन्धमा विभिन्न निकाय तथा संस्थाको सहकार्य हुदँ जानु।

## ६. नीतिको आवश्यकता

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा हासिल गरिएका उपलब्धिलाई दिगो बनाउँदै सार्वजनिक सेवामा निश्चितता कायम गरी हालका समस्या तथा चुनौतीको सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ। मानव बेचविखन तथा ओसारपसार एक बहुआयामीक, बहुक्षेत्रगत एवं संवेदनशील विश्वव्यापी समस्या भएकोले यसको निरोध, पीडितको संरक्षण, पुनःस्थापना र कानूनी उपचारसम्बन्धी कार्यलाई व्यवस्थित गर्न आवश्यक कानून र नीति तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु जरुरी छ। प्रदेशको विशिष्ट भौगोलिक, सामाजिक, आर्थिक परिस्थिति एवं संविधान प्रदत्त प्रदेशको अधिकारसँग तादत्म्यता कायम गरी मार्ग निर्देशन गर्न यो नीतिको तर्जुमा अपरिहार्य रहेको छ।

## ७. नीतिका निर्देशक सिद्धान्त

प्रदेशवासीको मानवअधिकरको हक सुनिश्चित गर्न देहायका निर्देशक सिद्धान्तको आधारमा यो नीति प्रतिपादन गरिएको छ।

७.१ मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरण र नियन्त्रणमा राज्यको दायित्व,

७.२ मानव बेचबिखन विरुद्ध मानव अधिकारमूखी दृष्टिकोण,

७.३ पीडित÷प्रभावितमैत्री शासकीय प्रवन्ध,

७.४ महिला तथा बालबालिकालाई विशेष प्राथमिकता, सामाजिक सुरक्षा एवं अन्य सार्वजनिक सेवामा गुणस्तरीयता,

७.५ राष्ट्रिय कानूनसँग सामन्जस्यता, (Protocol to Prevent, Suppress and Punish Trafficking in Persons Especially Women and Children, Supplementing The United Nations

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौंडा, नेपाल

Convention against Transnational Organized Crime) पालेर्मो प्रोटोकल लगायत अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्राथमिकता, निरोध, संरक्षण, कानूनी कारबाही, र पुनःस्थापना प्रमुख कार्यक्षेत्र,

७.६ लगानीमा पर्याप्तता, व्यवस्थापनमा कुशलता,

७.७ बेचबिखन तथा ओसारपसारविरुद्ध समन्वय, सहकार्य, क्षमता विकास तथा जनसहभागिता,

७.८ बालबालिकाको सर्वोत्तम हित,

७.९ आन्तरिक तथा बाह्य बेचबिखन दुबैको सम्बोधन।

## ८. दुरदृष्टि

"मानव बेचविखन तथा ओसारपसार मुक्त परिवेश – सचेत, सुरक्षित र समृद्ध{ वागमती प्रदेश"।

## ९. ध्येय

उपलब्ध साधन–स्रोतको प्रभावकारी प्रयोग गरी सम्बन्धित सरकार, सेवा प्रदायक एवं सरोकारवालावीच समन्वय र सहकार्य मार्फत प्रदेशबासीको शोषणविरुद्धको मौलिक हक सुनिश्चित गर्ने।

## १०. लक्ष्य

मानव बेचविखन तथा ओसारपसारबाट जोखिमसन्मुख प्रदेशवासीको सामाजिक–आर्थिक रुपान्तरण गर्दै बेचविखन तथा ओसारपसारका घटनालाई नियन्त्रण गर्न र पीडित प्रभावितको उचित संरक्षण तथा पुनःस्थापनालाई सुनिश्चित गर्न जवाफदेही प्रणालीको माध्यमबाट अविच्छिन्न सेवा उपलब्ध गराउने।

## ११. उद्देश्यहरु

११.१ संविधान प्रदत्त शोषणविरुद्धको हकको उपभोग गर्ने परिवेश सुनिश्चित गर्नु,

११.२ जोखिममा रहेका समूह/समुदायको सामाजिक–आर्थिक सशक्तीकरण गर्नु,

११.३ निरोधात्मक अभियान मार्फत मानव बेचविखन तथा ओसारपसार न्यूनीकरण गर्नु,

११.४ मानव बेचविखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण र न्यायमा पहुँचका सेवालाई प्रभावकारी बनाउनु,

११.५ प्रभावकारी एवं पीडित प्रभावितमैत्री संरक्षण, पुनःस्थापना, पुनःमिलन र पुनःएकीकरण सेवाको विकास र विस्तारको लागि समन्वय र सहकार्य गर्नु,

११.६ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा लगानी अभिवृद्धि गरी दिगो र कुशल व्यवस्थापन गर्नु,

११.७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी, सहकार्य र जनसहभागिता अभिवृद्धि गर्नु।

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

१२. नीतिहरू

१२.१ मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अति जोखिम र जोखिमसन्मूख समूह/ समुदायको पहिचान गरी सशक्तीकरण केन्द्रित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

१२.२ स्वदेश तथा विदेशमा रोजगारी चाहने कामदार तथा विपन्न समुदायका महिला, किशोर किशोरीलाई सीप, क्षमता विकास, स्वरोजगारमूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना गर्ने,

१२.३ जोखिम र जोखिमसन्मुख समुदायको लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण प्रणाली प्रवर्द्धन गर्ने,

१२.४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि प्रदेशस्तरमा आवश्यक संयन्त्रको गठन तथा सुदृढीकरण गर्ने,

१२.५ औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमको पहिचान गरी मानव बेचबिखन तथा ओसारपसारका कारक तत्वलाई सम्बोधन गर्ने,

१२.६ पीडित तथा प्रभावित व्यक्तिहरुको एकीकृत तथ्याङ्क सूचना प्रणाली स्थापित गरी सूचना विश्लेषणका आधारमा लक्षित समूह केन्द्रित जनचेतना कार्यक्रमहरु सञ्चालन गर्ने,

१२.७ पीडित/प्रभावितको घर फिर्ती पारिवारिक पुनर्मिलन एवं सामुदायिक पुनःएकीकरणका लागि प्रभावकारी समन्वय गर्ने,

१२.८ पीडित÷प्रभावितको संरक्षणका लागि आधारभूत मानव अधिकारको सम्मान गर्दै समन्वय र सहकार्य मार्फत एकीकृत तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने,

१२.९ बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितको सुरक्षाको प्रत्याभूति गर्ने,

१२.१० जवाफदेहिता र उतरदायित्वको विकास गरी सुशासनको प्रत्याभूति गर्ने,

१२.११ पुनःस्थापना केन्द्रको सञ्चालनमा एकरूपता र स्तरीकरण कायम हुने गरी मापदण्ड निर्माण गरी लागू भएको सुनिश्चित गर्ने,

१२.१२ पीडित÷प्रभावितको उद्धार, संरक्षण, पुनःस्थापना, पुनःमिलन तथा पुनःएकीकरणका लागि प्रदेश तहमा एकद्वार प्रणालीमार्फत स्रोत परिचालन गर्ने,

१२.१३ सरोकारवाला सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदार बीच समन्वय, सहयोग, क्षमता अभिवृद्धि तथा सहकार्यलाई प्रवर्द्धन गर्ने,

१२.१४ सीमा वारपारको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न सीमा र सवाल जोडिएका मुलुकका सम्बन्धित निकायबीच आपसी सहयोग र समझदारीमा वृद्धि गर्ने।

१३. नीति अन्तर्गत कार्यनीतिहरु

१३.१ नीति १२.१ मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले अति जोखिम र जोखिमसन्मूख समूह/समुदायको पहिचान गरी सशक्तीकरण सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने।

बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडा, नेपाल

प्रमुख सचिव

कार्यनीति

१३.१.१ स्थानीय तहसँगको समन्वय र सहकार्यमार्फत संवेदनशील र संरक्षण आवश्यक भएका विपन्न समुदायको नक्शाङ्कन तथा बहुआयामिक वञ्चितिमा परेका समूह÷समुदायको विवरण तयार गरी नियमित रुपमा अद्यावधिक तथा सुचना प्रकाशन गरिनेछ।

१३.१.२ जोखिममा रहेका महिला तथा बालबालिकाको अवस्था मूल्याङ्कन गरी महिला सशक्तीकरण तथा बालविकास कार्यक्रममा समावेश गरिनेछ।

१३.१.३ मानव बेचबिखन तथा ओसारपसारका सवाल, मानव तस्करी, देह ब्यापार, सुरक्षित आप्रवासनका बिषय तथा लैङ्गिक हिंसा विरुद्ध सामाजिक सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३.१.४ वाल तथा, युवा सञ्जाल र अभिभावकलाई सुरक्षित आप्रवासन सम्बन्धी क्षमता विकासका अवसर प्रदान गरिनेछ।

१३.१.५ आप्रवासी कामदार तथा परिवारलाई सुरक्षित आप्रवासन सम्बन्धी सूचना केन्द्र स्थापना गर्न सहजीकरण गरिनेछ।

**१३.२ नीति १२.२ स्वदेश तथा विदेशमा रोजगारी गर्न चाहने कामदार, विपन्न समुदायका महिला, किशोर किशोरीलाई सीप एवं क्षमता विकास, स्वरोजगारमूलक तालिम तथा आय आर्जनको अवसर सिर्जना गर्ने।**

कार्यनीति

१३.२.१ सबै पालिकामा विदेशमा रोजगारी गरी स्वदेश फर्केका कामदारको ज्ञान, सीप तथा अनुभव सङ्कलन गरी डाटावेस तयार गरिनेछ।

१३.२.२ बैदेशिक रोजगारीबाट फर्किएका कामदारको सिकाई र अनुभव स्थानीय स्तरमा उपयोग गर्ने नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ।

१३.२.३ विपन्न जोखिमपूर्ण र जोखिमसन्मुख समूदायका परिवारका लागि स्थानीय तहसँगको समन्वयमा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिनेछ। स्थानीय बजारको सम्भाव्यता हेरी महिला लक्षित व्यावसायिक सीपमूलक तालिम संचालन गरिनेछ।

१३.२.४ आप्रवासी कामदारको सीप तथा अनुभव जानकारी गराउन सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइनेछ।

१३.२.५ टेवा पुंजी र प्रविधिको व्यवस्था गरिनेछ।

**१३.३ नीति १२.३ अति जोखिम र जोखिमसन्मुख समुदायको लागि पारिवारिक तथा सामाजिक हेरचाह र संरक्षण कार्यलाई प्रवर्द्धन गर्ने।**

कार्यनीति

१३.३.१ जोखिममा रहेका बालबालिकाको परिवारलाई लक्षित गरी आर्थिक सुरक्षा सामाजिक संरक्षणका लागि घर विकास कार्यक्रम र चालुकोषको व्यवस्था गरिनेछ।

प्रमुख सचिव

१३.३.२ जोखिमसन्मूख समुदायका परिवारको सामाजिक सुरक्षा कार्यक्रम तथा व्यवसायिक शिक्षाको माध्यमबाट रोजगारीको अवसर वृद्धि गरी बालबालिकाको हेरचाह तथा संरक्षण गरिनेछ।

१३.३.३ अभिभावक विहीन बालबालिकाको हेरचाहसम्बन्धी संयुक्त राष्ट्र संघीय निर्देशिकाको भावना अनुसार परिवार र समुदायमा आधारित वैकल्पिक हेरचाह प्रदान गर्ने प्रावधान निर्माण गरी कार्यान्वयन गरिनेछ।

**१३.४ नीति १२.४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि आवश्यक संयन्त्रको गठन तथा सुदृढीकरण गर्ने।**

कार्यनीति

१३.४.१ मानव बेचविखन तथा ओसारपसार विरुद्ध चलाइने अभियानको सम्पर्क बिन्दु सामाजिक विकास मन्त्रालय हुनेछ।

१३.४.२ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रदेश समिति गठन गरी सूचना सङ्कलन, समन्वय कार्यक्रम तर्जुमा कार्यान्वयन र अनुगमनमा सरोकारवालाको सहभागिता वृद्धि गर्दै लगिनेछ।

१३.४.३ जोखिम अवस्थाका बालबालिकाको अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्न प्रदेश बालअधिकार समितिलाई बिशेषज्ञता प्राप्त निकायका रुपमा विकास गरिनेछ।

१३.४.४ मानव वेचविखन तथा ओसारपसार नियन्त्रण गर्ने कार्यमा संलग्न प्रदेश तथा स्थानीय तहको पेशागत दक्षता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३.४.५ बाल हेल्पलाइन (१०९८) र खोज तलास केन्द्र (१०४) नेपाल प्रहरीको महिला बालबालिका सेवा केन्द्रको क्षमता अभिवृद्धिका कार्यक्रम विस्तार गरिनेछ।

**१३.५ नीति १२.५ औपचारिक र अनौपचारिक शिक्षाका माध्यमको पहिचान गरी मानव बेचविखन तथा ओसारपसारका कारक तत्वलाई सम्बोधन गर्ने।**

कार्यनीति

१३.५.१ जनचेतना अभिवृद्धि गर्न मानव बेचबिखन तथा ओसारपसारका सवाललाई औपचारिक तथा अनौपचारिक शिक्षामा समावेश गर्न आवश्यक समन्वय गरिनेछ।

१३.५.२ प्रदेशस्तरका विश्वविद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा श्रम शोषण तथा यौन शोषण र यसबाट बच्ने उपायहरूबारे जानकारीमुलक सामग्री समावेश गर्न प्रोत्साहित गरिनेछ।

१३.५.३ स्थानीय पाठ्यक्रम तथा शिक्षक तालिम सामग्रीमा मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी र सुरक्षित आप्रवासनका बिषय समावेश गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

**१३.६ नीति १२.६ पीडित तथा प्रभावित व्यक्तिहरुको एकीकृत तथ्याङ्क सूचना प्रणाली स्थापित गरी सूचना विश्लेषणका आधारमा लक्षित समूह केन्द्रित जनचेतना कार्यक्रमहरु सञ्चालन गर्ने।**

कार्यनीति

१३.६.१ नागरिकस्तरका सामाजिक संघसंस्था बालबालिका तथा युवासँगको सहकार्यमा मानव बेचविखन तथा ओसारपसार विरुद्ध अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१३.६.२ समुदाय स्तरमा मानव बेचबिखन तथा ओसारपसार र सुरक्षित आप्रवासन सम्बन्धी जनचेतना जगाउन स्थानीय भाषामा विद्युतीय तथा छापा माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३.६.३ जोखिममा रहेका समूह तथा पीडित/प्रभावितबारे खण्डिकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास गरी सूचना प्रकाशन तथा सहज पहुँचको व्यवस्थापन गरिनेछ।

१३.६.४ तथ्याङ्क व्यवस्थापनमा प्रयोग हुने जनशक्तिलाई व्यवस्थापनसम्बन्धी तालिम दिइनेछ।

१३.६.५ यौन तथा श्रम शोषण हुन सक्ने व्यवसाय तथा मनोरञ्जन क्षेत्रमा सम्मानको प्रत्याभुति हुने गरी अनुगमन संयन्त्रलाई सुदृढ गरिनेछ।

**१३.७ नीति १२.७ पीडित/प्रभावितको घर फिर्ति पारिवारिक पुनर्मिलन एवं सामुदायिक पुनः एकीकरणका लागि प्रभावकारी समन्वय गर्ने।**

कार्यनीति

१३.७.१ स्वदेश फर्किन चाहने पीडित प्रभावित नागरिकको विवरण सङ्कलन र विश्लेषण गरी अवस्था पहिचान गरिनेछ।

१३.७.२ स्वदेश फिर्ती प्रक्रियामा सहजीकरण एवं समन्वयका सयन्त्र विकास गरिनेछ। यसका लागि विदेशबाट फोन गर्न टोल फ्री नम्बरको व्यवस्था गरिनेछ।

१३.७.३ सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालनमा रहेका सुरक्षा गृह तथा पुनःस्थापना केन्द्रको नियमन तथा अनुगमनको व्यवस्था मिलाइनेछ।

१३.७.४ पीडित प्रभावितलाई परिवार र समुदायमा पुनःस्थापना र पुनर्मिलन सम्बन्धी कार्यविधि तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।

**१३.८ नीति १२.८ पीडित÷प्रभावितको संरक्षणका लागि आधारभूत मानव अधिकारको सम्मान गर्दै समन्वय र सहकार्य मार्फत एकीकृत तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।**

१३.८.१ अधिकार सुनिश्चित हुने पीडित÷प्रभावितको हेरचाह र संरक्षणसम्बन्धी न्यूनतम मापदण्ड तयार गरी उद्धार तथा पुर्नस्थापना गरिने छ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

१३.८.२ पीडित तथा प्रभावितमैत्री जाहेरी दर्ता, अनुसन्धान प्रक्रिया तथा गोपनीयताको अधिकार, सुरक्षा, आकस्मिक सेवा, संक्षिप्त कार्यविधि, बन्द इजलाश लगायतका आधारभूत सिद्धान्त अवलम्वन गरी न्यायमा पहुँच वृद्धि गरिनेछ।

१३.८.३ उद्धार तथा पुनर्स्थापना कार्यमा प्रजनन् स्वास्थ्य तथा एकद्वार संकट व्यवस्थापन सेवालाई एकीकृत गरी सञ्चालन गरिनेछ।

१३.८.४ पीडित प्रभावितमैत्री न्यायप्रणालीमा सरोकारवालालाई संवेदनशील बनाउन आवश्यक क्रियाकलाप आयोजना गरिनेछ।

१३.८.५ कानूनी सहायता, मनोपरामर्श तथा मनोविमर्श सेवालाई एकीकृतरुपमा सेवा प्रदायकहरुमार्फत उपलब्ध गराइनेछ।

१३.८.६ पीडित तथा प्रभावित नागरिकलाई आर्थिक सहयोग उपलब्ध गराई क्षतिपूर्तिलाई र व्यवस्थित बनाइनेछ।

**१३.९ नीति १२.९ वेचविखन तथा ओसारपसारवाट पीडित÷प्रभावितको सुरक्षाको प्रत्याभूति गर्ने।**

**कार्यनीति**

१३.९.१ उद्धार देखि पारिवारिक पुर्नमिलनको चरणसम्म आवश्यक पर्ने सुरक्षा प्रवन्ध मिलाइनेछ।

१३.९.२ पीडित, प्रभावित र साक्षीको संरक्षणका लागि आवश्यक व्यवस्थापकीय प्रवन्ध गरिनेछ।

१३.९.३ प्रशिक्षण सामग्रीको उत्पादन गरी सुरक्षा निकायलाई तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१३.९.५ एच आइ भि संक्रमितले आफ्नो सुरक्षाका लागि अपनाउनु पर्ने सतर्कता वारे सामग्रीको उत्पादन गरी सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

**१३.१० नीति १२.१० जवाफदेहिता र उत्तरदायित्वको विकास गरी सुशासनको प्रत्याभूति गर्ने।**

**कार्यनीति**

१३.१०.१ मानव बेचबिखन तथा ओसारपसारका मुद्दा हेर्न सुरक्षा निकायमा पीडित/प्रभावितमैत्री उजुरी, मनोविमर्श, वयान, अनुसन्धानका लागि विशेष कक्ष स्थापना गरी स्रोतसाधन र अनुसन्धान उपकरणको व्यवस्थापन गरिनेछ।

१३.१०.२ अनुसन्धानमा संलग्न व्यक्तिको क्षमता विकास गरी पुरस्कार र दण्डको नीति अवलम्वन गरी अनुगमनको व्यवस्था मिलाइनेछ।

१३.१०.३ बालबालिकाको प्राथमिकता र सर्वोत्तम हितका आधारमा बेचबिखन तथा ओसारपसारका मुद्दालाई अनुसन्धान, अभियोजन र अदालती कारबाहीबारे चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

१३.१०.४ अदालतमा दायर हुने बेचबिखन तथा ओसारपसारका मुद्दाको अनुसन्धान, घटना व्यवस्थापन र विवरण राख्ने गरी प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्रलाई सशक्त, स्रोत साधनयुक्त बनाइ सम्पर्क विन्दुको रुपमा विकास गरिनेछ।

१३.१०.५ प्रदेश बालअधिकार समिति र मातहतका निकायमा डाटावेसको निर्माण गरी उपयोगलाई प्रभावकारी बनाइनेछ।

**१३.११ नीति १२.११ पुनःस्थापना केन्द्रको सञ्चालनमा एकरुपता र स्तरीकरण कायम हुने गरी मापदण्ड निर्माण गरी लागू भएको सुनिश्चित गर्ने।**

कार्यनीति

१३.११.१ पीडित तथा प्रभावितलाई दिइने सेवा सुविधाको मापदण्ड बनाई प्रदेशमा एकीकृत सेवा–सुविधा सहितको पुनःस्थापना केन्द्र निर्माण तथा सञ्चालन गरिनेछ।

१३.११.२ सेवालाई पीडित प्रभावितमैत्री बनाई एकरुपता कायम गराउन र स्तरीकरण गर्न न्यूनतम मापदण्ड निर्माण गरी कार्यान्वयनमा लगिनेछ।

१३.११.३ लैङ्गिकता र उमेर समूहलाई ध्यानमा राखी विविध सेवा प्रदान गर्ने निकायको सूची तयार गरी सिफारिस संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

१३.११.४ पुनःस्थापना तथा पुनःमिलन पछिको सहयोग र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

**१३.१२ नीति १२.१२ पीडित÷प्रभावितको उद्धार, संरक्षण, पुनःस्थापना, पुनःमिलन तथा पुनःएकीकरणकालागि प्रदेश तहमा एकद्वार प्रणाली मार्फत स्रोत परिचालन गर्ने।**

कार्यनीति

१३.१२.१ पीडित तथा प्रभावितको उद्धार, पुनःस्थापना, संरक्षण, राहत, पुनाःमिलन तथा पुनःएकीकरणका लागि प्रदेश तहमा एकीकृत कोषको स्थापना गरिनेछ।

१३.१२.२ कोष परिचालन कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

१३.१२.३ स्थानीय तहमा जोड कोषको स्थापना गरी स्रोत परिचालन गरिनेछ।

**१३.१३ नीति १२.१३ सरोकारवाला गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदारबीच समन्वय सहयोग तथा क्षमता अभिवृद्धि तथा सहकार्यलाई प्रवर्द्धन गरिने।**

कार्यनीति

१३.१३.१ बेचबिखन तथा ओसारपसार नियन्त्रणमा प्रदेश, जिल्ला र स्थानीय तहमा गठन भएका समितिको क्षमता अभिवृद्धि गरी समन्वयात्मक वैठक मार्फत अवस्था विश्लेक्षण र कार्यक्रमको संयोजन गरिनेछ।

१३.१३.२ पीडित प्रभावितको संरक्षणका लागि कार्यरत सरोकारवाला संस्थाको सञ्जाल निर्माण र परिचालन गरी सहयोग तथा सहकार्यलाई प्रोत्साहन गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१३.१३.३ यस सम्बन्धमा हासिल भएका उपलब्धिको आधारमा भावी कार्यक्रमको तर्जुमा गर्न समिक्षा गोष्ठीको आयोजना गरिनेछ।

१३.१३.४ सञ्चार माध्यमको क्षमता तथा संवेदनशीलता अभिवृद्धि गरी प्रभावकारी रूपमा समन्वय र परिचालन गरिनेछ।

१३.१३.५ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित एवं प्रभावितको न्यायमा पहुँच सहज बनाउन सिमाना र सवाल जोडिएका प्रदेशसँग समन्वय र सहकार्य गर्न सकिनेछ।

१३.१३.६ पीडित/प्रभावितलाई सेवा पुऱ्याउने उद्देश्यले क्रियाशील रहेका संरक्षणगृह, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था र अन्य निकायले गर्ने सेवा प्रवाहको विवरण अद्यावधिक गरी एकद्वार प्रणालीमार्फत कार्यक्रम सञ्चालन गरिनेछ।

१३.१३.७ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा स्थानीय समितिवाट सम्पादन भएका क्रियाकलाप र उपलब्ध सेवाको प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ।

**१३.१४ नीति १२.१४ सीमा वारपारको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्न सीमा र सवाल जोडिएका मुलुकका सम्बन्धित निकाय बीच आपसी सहयोग र समझदारीमा वृद्धि गर्ने।**

कार्यनीति

१३.१४.१ दुई मुलुकबीच सीमा जोडिएका प्रदेशका जिल्लामा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा अपराधीको खोजी, पक्राउ र सुपुर्दगीका लागि सीमा वारीपारीका स्थानीय प्रशासनको आपसी सहयोग र समझदारीलाई बढावा दिन संघीय सरकारसँगको सहयोगमा आवश्यक कार्य गरिनेछ।

१३.१४.२ प्रदेशको सीमा क्षेत्रमा वारीपारी दुबै मुलुकका समुदाय स्तरका नेतृत्व, सामाजिक कार्यकर्ताहरु, शिक्षकहरु, पत्रकारहरु तथा नागरिक समाजका अगुवाहरुलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्ध संयुक्त रुपमा परिचालन गर्ने कार्यक्रमको निर्माण गरी कार्यान्वयन गरिनेछ। सीमा क्षेंत्रमा वारी र पारीबाट भए गरेका राम्रा कामहरुको जानकारी आदानप्रदान तथा समीक्षा गर्ने व्यवस्था मिलाइनेछ।

१३.१४.३ अन्तर्राष्ट्रिय सीमा नाका र प्रवेश विन्दु रहेका बागमती प्रदेशअन्तर्गतका जिल्लाहरुमा सञ्चालित आवासीय संरक्षण गृहहरु (पुनःस्थापना केन्द्र तथा सेवा केन्द्रहरु) को सरकारी, गैरसरकारी संस्थाहरु तथा विकास साझेदारहरुको सहकार्य र साझेदारितामा क्षमता विस्तार गर्दै लगिनेछ। सीमा क्षेत्रमा कार्यरत विभिन्न सरोकारवालाहरुलाई महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसारबारे संवेदनशील बनाउन सहयोग तथा सहकार्यलाई प्रवर्द्धन गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

प्रमुख सचिव

१३.१४.४ आन्तरिक तथा बाह्य घटनालाई सम्बोधन गर्न प्रदेश प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रलाई जनशक्ति एवं साधन स्रोतयुक्त बनाउन सम्बन्धित निकायसँग आवश्यक समन्वय गरिनेछ।

## १४ संस्थागत संरचना

नीति कार्यान्वयनकोलागि प्रदेश स्तरमा सबै सरोकारवाला क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी सामाजिक विकास मन्त्रीको अध्यक्षतामा एक 'मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति' रहनेछ।

१५ स्थानीयतहमा प्रमुखको संयोजकत्वमा पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति तथा पुनःस्थापना केन्द्र र प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण वडा समिति र आवश्यकता अनुसार निगरानी समूह स्थापना गरिनेछ।

१६ बालबालिकाको बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा जोखिम अवस्थाका बालबालिकाहरुको समस्या समाधानका उपायहरु बारे अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने दिशामा नीति कार्यक्रमहरु निर्माण गर्ने बारे बिशेषज्ञता प्राप्त निकायका रुपमा ‘प्रदेश बालअधिकार समिति’ रहनेछ।

## १७. नीति कार्यान्वयनको जिम्मेवारी

१७.१ बागमती प्रदेश सरकारले प्रदेशभित्र नीति कार्यान्वयन गर्न आवश्यक ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि बनाउन सक्नेछ। मानव बेचविखन तथा ओसारपसार तथा बेचविखनवाट हुने दासत्व र शोषणवाट मानवताको संरक्षण, सम्बर्द्धन पुनस्थापना सम्बन्धी प्रदेशको नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा यस नीति अनुकुल हुने गरी बनाइने छ। मुख्यतयाः यो नीतिको कार्यान्वयनको जिम्मेवारी बागमती प्रदेश सरकारको हुनेछ। नीतिलाई कार्यान्वयन गर्ने क्रममा विभिन्न सरोकारवालाको क्षमता अभिवृद्धिका लागि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी विभिन्न तालिम सञ्चालन गरिनेछ।

१७.२ आफ्नो कार्यक्षेत्रभित्र परेका विषयहरु कार्यान्वयन गर्न प्रदेश सरकारका मन्त्रालयले आवश्यक कानूनी व्यवस्था मिलाउने छन्। साथै प्रदेश सरकारले आवश्यक कार्यविधि निर्माण र संस्थागत व्यवस्था गरी यस नीतिको कार्यान्वयन गर्दै लैजानेछन्।

१७.३ नीतिबमोजिम प्रदेश तहमा आवश्यकता अनुसार विद्यमान संरचनालाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण प्रदेश समितिअन्तर्गत ल्याई स्तरोन्नति गर्नुका साथै आवश्यकतानुसार संरचना विस्तार गरिने छ।

## १८ नीति परिमार्जन तथा सुधार

१८.१ यो नीति कार्यान्वयन भएको चार वर्षमा पहिलो पटक र त्यसपछि हरेक पाँच-पाँच वर्षमा आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१८.२ नीतिको पुनरावलोकनको क्रममा सम्बन्धित क्षेत्रका विज्ञ, मानव अधिकारकर्मी, सम्बन्धित मन्त्रालयहरु, दातृ निकायहरु, निजी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति यौनिक तथा लैङ्गिक अल्पसख्यकको क्षेत्रमा क्रियाशिल संघ-संस्थाहरुलाई समेत सहभागी गराइनेछ।

## १९ अन्य नीतिहरुसँगको सम्बन्ध

यस नीतिको कार्यान्वयनमा विशेष गरी संघीय नीति र बागमती प्रदेश सरकारका महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति यौनिक तथा लैङ्गिक अल्पसख्यकसँग सरोकार राख्ने श्रम तथा रोगजार, शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग, सूचना प्रविधि, योजना, युवा, विज्ञान र प्रविधिसम्बन्धी नीति तथा कार्यक्रमसँग परिपूरक सम्बन्ध रहनेछ। संविधानले प्रदत्त गरेको संघ, प्रदेश र पालिकाको संयुक्त जिम्मेवारी र प्रदेश सरकारले गर्नुपर्ने कार्यको जिम्मेवारीमा आधारित रही यो नीति तर्जुमा गरिएको छ।

प्रमुख सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल